प्रदेश सरकार
प्रदेश नं. ५
**सामाजिक विकास मन्त्रालय**
बुटवल, रुपन्देही

निजी सचिवालय
सुदर्शन बराल
मन्त्री

प्रदेश सरकार
प्रदेश नं. ५
सामाजिक विकास मन्त्रीको
निजी सचिवालय
बुटवल, नेपाल

प.सं.: 066/066
च.नं.: 38

मिति२०७६।०८।१७

## शुभकामना

"दिगो विकासको लक्ष्य, अपाङ्गता मैत्री भविष्य" भन्ने नाराका साथ मनाउन लागिएको २८ औं अन्तर्राष्ट्रिय अपाङ्गता दिवसको अवसरमा प्रदेश नं ५ का सम्पूर्ण अपाङ्गता भएका व्यक्ति, यस क्षेत्रका क्रियाशील संघ संस्था, सरोकारवाला तथा नेपाली दाजुभाइ एवं दिदीबहिनीहरुमा हार्दिक शुभकामना व्यक्त गर्दछु।

अपाङ्गता भएका व्यक्तिहरुको अधिकारसम्बन्धी संयुक्त राष्ट्र संघीय महासन्धि तथा यसको इच्छाधीन आलेख, २००६ लाई नेपाल सरकारले सन् २००८ मा हस्ताक्षर गरी सन् २००९ मा अनुमोदन गरिसकेको सन्दर्भमा सो बाट सिर्जित दायित्व र नेपालको संविधानले गरेका व्यवस्थाहरु कार्यान्वयन गर्न प्रदेश सरकार सक्रियताका साथ लागि परेको छ।

प्रदेश नं. ५ को प्रथम आवधिक योजनामा अपाङ्गता भएका व्यक्तिहरुले सम्मानित जिवन यापन गर्न सक्ने अवस्थाको सिर्जना गर्ने दीर्घकालिन सोचका साथ विभिन्न रणनीति तथा कार्यनीति ल्याइएको छ। चालु आर्थिक वर्षको नीति तथा कार्यक्रममा सार्वजनिक सेवा सुविधामा अपाङ्गता भएका व्यक्तिहरुको पहुँच विस्तार गर्ने र अपाङ्गता भएका अन्य कारणले संरक्षणको आवश्यकता रहेका व्यक्तिहरुलाई संरक्षण गर्ने नीति रहेको छ। हाल रुपन्देहीको सैनामैना न.पा.मा अपाङ्गता भएका व्यक्तिहरुलाई संरक्षण गर्न साझेदारीमा सुविधा सम्पन्न अपाङ्गता नागरिक ग्राम निर्माणको क्रममा रहेको व्यहोरा जानकारी गराउन पाउँदा खुसी महसुस गरेको छु। साथै अपाङ्गता भएका व्यक्तिहरुको हक अधिकार संरक्षण र प्रवर्द्धन गर्न सामाजिक विकास मन्त्रालयबाट विभिन्न कार्यक्रमहरु सञ्चालन भइरहेको अवस्था छ।

अपाङ्गता भएका व्यक्तिहरुलाई प्राप्त संवैधानिक, कानूनी हक अधिकार कार्यान्वयन गर्न तीन तहकै सरकारको महत्वपूर्ण भूमिका रहेकोमा प्रदेश सरकार आफैले र साझेदारी तथा समन्वयमा विभिन्न कार्यक्रमहरु गरीरहेको छ। अपाङ्गता भएका व्यक्तिहरुको शिक्षा, स्वास्थ्यमा पहुँच, सशक्तिकरण, अपाङ्गमैत्री संरचना निर्माण लगायत धेरै कामहरु गर्नुपर्ने आवश्यकता छ। यसमा प्रदेश भित्र स्थानिय सरकार, कार्यरत सबै संघ संस्था र सबै सरोकारवालाहरुको समन्वयात्मक प्रयास मात्र अपाङ्गता भएका व्यक्तिहरु विविधताको पहिचान सहित मर्यादा र आत्मसम्मानपूर्वक बाँच्ने अवस्था सिर्जना हुन सक्ने हुँदा सबैको संवेदनशीलता र सक्रियताको लागि हार्दिक आव्हान गर्दछु।

सुदर्शन बराल
**सुदर्शन बराल**
**सामाजिक विकास मन्त्री**

"बुद्धको जन्मस्थल लुम्बिनी जाऔं, शान्तिको सन्देश फैलाऔं"
लुम्बिनी भ्रमण वर्ष २०२०

☎:०७१-५५०१२४, M:minister.mosd.5@gmail.com, : www.mosd.p5.gov.np